मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com




● वर्ष ३ ● अंक १३० ● २०८१ साल चैत्र ११ गते सोमबार ● Monday 24, March 2025 ● सूर्योदय: बिहान ६:०६ बजे ● सूर्यास्त: साँझ ६:१८ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

# संसदीय छानविनको मांग गर्दै विपक्षी दलहरुद्वारा प्रदेश सभा अवरुद्ध

**वीरेन्द्र रमण**
**जनकपुरधाम**



मधेस प्रदेशसभाको बैठकमा विभिन्न विषयमा छानविनको माग गर्दै विपक्षी दलको अवरोधपछि बैठक मंगलवार सम्मको लागि स्थगित भएको छ ।

आइतबार बसेको प्रदेशसभा बैठकमा माओवादी केन्द्र र जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसदहरुले विभिन्न विषयमा संसदीय छानविन समिति गठन गर्नुपर्ने माग राख्दै बैठक अवरुद्ध गरेका छन् ।

विपक्षी दलको अवरोधपछि सभामुख रामचन्द्र मण्डलले बैठक १० मिनेटका लागि स्थगित गरेका थिए । तर सहमति नभएपछि बैठक मंगलवार सम्मको लागि स्थगीत भएको छ ।

माओवादी केन्द्रका संसदीय दलका नेता भरत प्रसाद साहले मुख्यमन्त्री सतिशकुमार सिंहले कुटनितिक मर्यादा विपरित विदेश भ्रमण गरेको भन्दै आपत्ति जनाए । उनले भने, 'हाम्रो प्रदेश विशिष्ट परिस्थितिमा गएको छ, त्यसैले सदनमा कुरा राख्नै पर्ने देखियो । हाम्रो मुख्यमन्त्री कुटनितिक मर्यादा विपरित विदेश गएर गणतन्त्र विरोधी काम गरेको कुरा सुनिएको छ । मुख्यमन्त्री जीले यसमा स्पष्ट पार्नुपर्छ ।'

उनले मन्त्रालयहरुमा व्यापक अनियमितता र भ्रष्टाचार भइरहेको भन्दै नगरपालिकाहरुलाई कमिशन लिएर मात्र शसर्त अनुदान पठाएको सुनेको बताए । साहले भौतिक पूर्वाधार मन्त्रालयमा संघको कर्मचारीहरुबाट मोटो रकम लिएर जिम्मेवारी दिने र प्रदेशको कर्मचारीलाई निरुत्साहित गर्ने काम गरिएको आरोप लगाए ।

उनले भने, 'कर्मचारी व्यवस्थापनमा समस्या देखिएकोमा त्यसमा संशोधन गर्ने कुरा भइरहेकोछ । त्यसमा पनि केही कर्मचारीको स्वार्थ पुर्तिका निम्ति आर्थिक चलखेल भएको छ, लगायतको विषयमा सरकारले उचित जवाफ नदिए र छानविन समिति गठन नगरे संसद अवरुद्ध गर्छौं ।'

यस्तै, जसपाका संसदीय दलका नेता सरोजकुमार यादवले बजेट बन्ने क्रममा मुख्यमन्त्रीले प्रत्यक्ष माननीयले ५ करोड र समानुपातिक माननीयले डेढ करोड पाउने भनेकोमा त्यो कहाँ रहेको भनेर प्रश्न गरे । उनले सदनमा अहिले सबै सांसदले आफ्नो क्षेत्रको योजना बारे गुनासो गरिरहेको बताए ।

'जति मन्त्रालयको योजना छ, त्यो कार्यालयबाट पत्र पठाउनुपर्ने हुन्छ, त्यो सबै सचिवालयमा आइसकेको छ त्यो किन र कसरी आयो', उनले भने ।

यादवले भने, 'मेरो सरकारमा सशर्त अनुदानमा व्यापक भ्रष्टाचारी भयो भनेर यही सदनमा कुरा उठदा छानविन समिति गठन गरेको थिए, त्यस कारण यो पाँच करोड, डेढ करोड पायो कि पाएन ? कसले कसरी काम गर्दैछ त्यसका लागि स्पेशल छानविन समिति गठन गर्नुपर्छ । नगरेसम्म बैठक चल्न दिँदैनौँ ।'

# वडा अध्यक्ष नै बने बिकास बाधक



**राहुल गुप्ता ।**
देवताल गाउँपालिका वडा नं १ बड्की फुलवरियाको वडा अध्यक्ष अरुण कुमार सिंह आफै स्वं नै बिकास बाधक भएको साबित भएका छन् । देवताल गाउँपालिकाको वडा नं १ मा यो आर्थिक वर्षमा बिकाशको नाममा उक्त वडाका वडा अध्यक्षले एक पैसाको काम गर्न सकेका छैनन् । चालु आ व २०८१÷०८२ मा देवताल गाउपालिका बाट उक्त वडाको लागि सुन्य रकम बिनियोजन गरिएको छ । वडा अध्यक्ष सिंहले वडाको लागि पाउने बजेटमा अधिकांश बजेट सामाजिक बिकाश कार्यक्रमहरुमा राखी बजेट झ्वाम पार्ने मनसाय बोकेको हुदा सो वडाको लागि रकम बिनियोजन नभएको जानकारी प्राप्त भयो ।

अध्यक्ष सिंहले आफै एक पैसाको बिकाश गर्न नसक्ने भएकोले सो वडाका अन्य समाज सेवीहरुले गाउँको बिकासको बारेमा चिन्ता बोकेको हेर्न सकिन्छ । सोहि वडाका समाज सेवी प्रभात सिंहले अन्य बिकासको काम गर्न खोज्दा निज वडा अध्यक्षले बारम्बार हस्तक्षेप गर्ने खोजेको प्रभात सिंहले बताए । प्रभात सिंहले आफ्नो पहल कदममा वडामा करोरौको रकम ल्याई काम गराउन सफल भएका समाजसेवी हुन् । उनको भनाइ अनुसार सो वडामा एक जना विदेश बाट फर्केको व्यक्तिले कुखुरा पोल्ट्री फारम खोल्न लागेको र सो ठाउमा बिद्युत पुर्याउन निज वडा अध्यक्षलाइ पटक पटक भन्दा निज अध्यक्षले कुनै किसिमको चासो लिएनन । त्यस पश्चात प्रभात सिंहले सो कुराको पहल गरि बिद्युत प्राधिकरणको समन्वयमा बिद्युतिय पोल निकाश गराई सकेको जानकारी वडा अध्यक्ष सिंहलाइ प्राप्त हुन साथ् बिद्युत प्राधिकरणका कार्यालय प्रमुखलाई फोन गरि तुरुन्तै रोक्नुस नभए म कार्यालयमा आइ तोड फोड गर्छु भन्ने धाकधम्कि दिए र पोल रोकियो । अहिले फेरि दलित बस्तिमा नया सडक बिस्तार भएको र नया घर बनाइ बसेका अति गरिब दलित व्यक्तिहरुलाई बिद्युत पोलको आवश्यकतालाइ मध्ये नजर गरि बिधुत प्राधिकरण कलैयाको सहयोगमा प्रभात सिंहले पोल र तार निकासी गराए अनि पोल र तार समेत आयो । पोल र तार आउने बितिकै सो बस्तिका जनताहरु हर्ष हुल्लासको साथ् खुसि भएर पोल गाड्ने काम सुरु गरे । कुल ५ वटा पोल आएको जसमध्य २ वटा पोल गाड्ने बितिकै वडा अध्यक्ष सिंहले कार्यालयमा फोन गरि तुरुन्तै रोक्ने निर्देशन दिए लगतै पोल गाड्न आएका कामदारहरु बाकि रहेका ३ वटा पोल त्यहि खसाली बिद्युतिय तार लिएर फर्केको कुरा प्रभात सिंहले बताए ।

यसरि कुनै काम नगर्ने र अर्कोले गर्न खोजे बिरोध गर्ने वडा अध्यक्षको रवैयाले गर्दा आम जनतामा निराशा पलाएको छ ।

# वीरगंज उद्योग वाणिज्य संघको अध्यक्षमा गौतम




वीरगंज १० चैत्र ।
वीरगंज उद्योग वाणिज्य संघको अध्यक्षमा हरि गौतम निर्विरोध निर्वाचित भएका छन् । संघको सम्पन्न पदाधिकारी निर्वाचनमा सर्वसम्मत रुपमा गौतम अध्यक्षमा निर्वाचित भएका हुन् ।

त्यस्तै बरिष्ठ उपाध्यक्षमा माधव राजपाल, द्वितीय उपाध्यक्षमा मनोज दास, महासचिवमा शिबजी प्रसाद कलवार, कोषाध्यक्षमा अनोज रुंगटा, सचिवमा प्रेमचन्द्र गोयल, सुशान्त चाचान, सह–कोषाध्यक्षमा निरज अग्रवाल, सहसचिवमा नरेश टिवडेवाल निर्विरोध निर्वाचित भएका छन भने अर्का सहसचिवमा अनुप अग्रवाल निर्वाचनबाट निर्वाचित हुनु भएको छ ।

नवनिर्वाचित अध्यक्ष गौतमले आफुलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपले निर्वाचित गराउने सम्पूर्ण पदाधिकारी तथा कार्यसमितीलाई धन्यवाद ज्ञापन गर्दै अगामी दिनमा यसैगरी हातेमालो गरि अगाडी बढने प्रतिब्धता ब्यक्त गर्नु भयो । संघको विद्यान बमोजिम १२ जना पदाधिकारी रहने व्यवस्था थियो । निवर्तमान अध्यक्ष स्वतः पदाधिकारीमा आउने पनि विद्यानमा व्यवस्था छ ।

त्यस्तै तृतीय उपाध्यक्ष अर्थात रोजगारदाता समितिको संयोजकको मनोनयन नयाँ कार्यसमितिको पहिलो बैठकले गर्ने व्यवस्था भएको प्रमुख निर्वाचन अधिकृत बालमुकुन्द खरेलले जानकारी दिए । नवनिर्वाचित अध्यक्ष गौतमले आफुलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपले निर्वाचित गराउने सम्पूर्ण पदाधिकारी तथा कार्यसमितीलाई धन्यवाद ज्ञापन गर्दै आफ्नो नेतृत्वकालमा सबैलाई मिलाएर जाने प्रतिबद्धता ब्यक्त गरे । उनले उद्योगी व्यावसायीहरुको हक हितका मुद्दा आफूले खरो ढंगले उठाउने र समाधानका लागि दबाव सृजना गर्ने बताए ।वीरगञ्ज उद्योग वाणिज्य संघको नेतृत्वमा सहमतिमै चयन गर्ने अभ्यास हुदै आएको छ । केही पदमा सहमति हुन नसकेमा मतदानबाट टुंगो लगाउदै आएको छ ।

# चुरे संरक्षण तर्फ सरकारको ध्यान छैन: अध्यक्ष यादव

**जनकपुरधाम ।**
चुरे तथा वनजंगल संरक्षण अभियान नेपालको राष्ट्रिय सम्मेलनबाट सुनिलकुमार यादवको अध्यक्षतामा २१ सदस्यीय समिति गठन भएको छ । शनिबार बसेको अभियानको सम्मेलनले उपाध्यक्षमा शुक्रिती आचार्य र राजेश भण्डारी, महासचिवमा बासुदेव डल्लाकोटी र कोषाध्यक्षमा नन्दकिशोर राम चयन भएका छन् ।

यस्तै, सदस्यहरुमा विनोद अधिकारी, डा. जाहिद अन्सारी, संजय प्रसाद साह, संगिता सदा, रामनारायण महरा, फुलगेन पासवान, शम्भु अधिकारी, उपेन्द्र यादव, सुरज राम, शुशिला कार्की, राधिका भण्डारी, लिया भण्डारी, सुनिल साह भान्जा, चन्द्रकिशोर यादव र साजन श्रीवास्तव चयन भएका छन् ।

त्यसैगरी सम्मेलनले वन जंगल विनासको क्रममा प्रभावित भएका चुरेक्षेत्रहरु बर्दिबाँस, सिन्धुली, निजगढ, लालबन्दी, बागमती, चितवन, इटहरीलगायतका क्षेत्रमा चैत १५ गतेदेखि २० गतेसम्म चुरे जनजागरण अभियान गर्ने निर्णय गरेको छ ।

त्यसैगरी वनजंगल संरक्षणका निम्ति र अवैध खानी क्रसर उत्खन्नको विरोधमा २४ गते काठमाडौँको माइतिघर मण्डला र संसदभवन अगाडि अनिश्चितकालिन धर्ना तथा विरोध कार्यक्रम गर्ने निर्णय गरिएको अध्यक्ष यादवले बताए । उनले मधेस विरोधी सरकार वनजंगल विनाशमा नै क्रियाशिल रहेको आरोप लगाए । यादवले बाहिर चुरे संरक्षणको कुरा सरकारले गरेपनि अवैध दोहन र उत्खननलाई रोक्न गम्भीर नरहेको आरोप लगाए । उनले भने सरकार वनजंगल विनास रोक्न र अवैध रुपमा सञ्चालनमा रहेको क्रसर उद्योगलाई रोक्न गम्भीर छैन् ।त्यसैगरि अभियानको प्रवक्तामा प्रमोदकुमार साह र प्रेस सल्लाहकारमा दिपककुमार कर्ण चयन भएका छन ।

# अमर्यादित पत्रकारिता माथी लगाम लगाउनुपर्ने: मुख्यमन्त्री सिंह

**जनकपुरधाम ।**
मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले अमर्यादित रुपले चलिरहेको पत्रकारिता माथी लगाम लगाउनुपर्ने बताएका छन् । आइतबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जनकपुरधाममा आयोजना गरेको अभिमुखिकरण तथा छलफल कार्यक्रममा बोल्दै मुख्यमन्त्री सिंहले अर्मादित रुपमा पत्रकारिता गर्नेहरुका कारण सही र मर्यादित रुपमा पत्रकारिता गरिरहेकाहरुको जिवन ओझेलमा परिरहेको बताए । उनले अहिले पत्रकारिता सहि छ कि गलत त्यसलाई ठम्याउन मुस्किल भएको बताए । 'अहिलेको समयमा पत्रकारिता माथिको विश्सनियता दिन प्रतिदिन घटी रहेको छ । किन घटिरहेको छ ? आजपनि त्यहि पत्रकारिता छ, त्यहि पेपर छ तर पनि विश्वसनियता घटिरहेको छ', उनले अगाडि भने, 'यदि तपाई मेरो प्रति साकारात्मक हुनुहुन्छ भने मेरो गलत कुरालाई पनि सहि ढंगले लेख्नुभयो मेरो प्रति नाकारात्मक हुनुहुन्छ भने मेरो सहि कुरालाई पनि नाकारात्मक रुपमा प्रस्तुत गर्नुहुन्छ ।'




उनले अहिले धेरै अनलाईन मिडिया, युट्युब दर्ताको प्रोशमा रहेको र नरहेकाहरुले समेत सामाजिक सञ्जालमा भ्रामात्मक रुपमा प्रस्तुत हुने गरेको बताए ।

मुख्यमन्त्री सिंहले यस्ता कार्य दुःखद रहेको भन्दै प्रदेश सरकारले आमसञ्चार प्राधिकरणको माध्यमबाट विभिन्न योजनाहरु ल्याएको बताए । उनले आगामी दिनमा बजेटभन्दा पहिला पत्रकार महासंघसँग बसेर छलफल गरेर सुधारका लागि कस्ता कस्ता कार्यक्रमहरु ल्याउन सकिन्छ त्यसमा तत्पर रहेको बताए । मुख्यमन्त्री सिंहले आर्थिक मन्दीका कारण पत्रपत्रिका, टिभी, अनलाईन लगायतमा मुल पेशा बनाएर पत्रकारिता गरिरहेकाहरुको जिवन यापनमा समेत असर परेकाले केन्द्रीय सञ्चार मन्त्रालयलाई उनीहरुका लागि ठोस मापदण्ड आउनुपर्ने बताए । उनले प्रदेश सरकारको तर्फबाट जनलोककल्याणकारी विज्ञापनमा बढाएर प्रस्तुत गर्नेमा साकारात्मक रहेको बताए । कार्यक्रममा सुचना तथा प्रविधि मन्त्रालयका सहसचिव कोषहरि निरौला,नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य राजेशकुमार कर्ण,नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरण साह लगायतले आ आफनो धारणा राखेका थिए ।

सम्पादकीय

# व्यक्तिमा दोष हुन सक्छ तर व्यवस्थामा दोष छैन

अहिले देशमा देखिएको असंतुष्टिहरुको कारणले नै मुलुकमा व्यवस्था विरोधी गतिविधिहरु बढन थालेको छ । खास गरेर राजनितिक दलहरुले जुन रुपमा जनताको अपेक्षाहरु पुरा गर्नुपर्ने हो त्यस अनुसारले कार्य गर्न सकेको छैन । मुलुकमा संघीयता आएको छ स्थानिय तहलाई कानुनी अधिकारको रुपमा सबल बनाइएको छ । तर आएका जनप्रतिनिधिहरुले जनताको विश्वास जित्न सकेको छैन । जसकारणले एउटा समस्या देखिएको छ । जनप्रतिनिधिहरुले आफनो दायित्वलाई ईमान्दारिताका साथ पालन नगरेको कारणले गर्दा जनतामा अहिले एक खालको संतुष्टिहरु देखा परेको छ । जसले गर्दा अहिले व्यवस्थाको विरुद्धमा नै केही पार्टीहरुको अग्रसरतामा आन्दोलन र विरोध कार्यहरु भईरहेका छन । लोकतन्त्र एक आदर्श प्रणाली हो, जहाँ जनताले प्रत्यक्ष रूपमा शासनमा सहभागिता जनाउँछन् ।

खास गरेर जनताले आफनो प्रतिनिधि आफैले चुन्ने गरेका छन । जसले जनताको हितमा शासन गर्ने छन । तर, लोकतन्त्रको सफलताका लागि जनतामा परिपक्क निर्णय गर्ने क्षमताको विकास र नेतृत्वमा स्पष्ट मार्गदर्शन आवश्यक छ । जनप्रतिनिधिहरुल जनताको लागि गर्ने शासन लोकहितमा छ वा छैन त्यसको निर्णय समेत जनताले गर्ने गरेको छ । यदि कुनै राजनितिक दल वा प्रतिनिधिहरु जनताको हितमा काम गर्दैन भने जनताले उनिहरुलाई सत्ताबाट हटाउने समेत गरेका छन । यो लोकतन्त्रको एउटा सुन्दर माध्यम पनि हो तर हामी कहा जनप्रतिनिधिहरुले जनताको मनोभावना बुझेर शासन गर्ने परिपाटीको आभाव देखिएको छ ।

त्यसले एक खालको समस्याहरु निर्माण गरेको छ । जनताको चाहना अनुसार शासन व्यवस्था चल्नुपर्ने हो त्यो नभएको कारणले गर्दा एक खालको समस्याहरु देखा पर्ने गरिएको छ । अहिले जनताले शासन व्यवस्था प्रति आफनो असंतुष्टिहरुलाई देखाउने गरेका छन । त्यो असंतुष्टिलाई सम्बोधन गरेर जनहितमा शासन गर्नुपर्ने जनप्रतिनिधिहरुको दायित्व समेत रहेको छ । तर हामी कहा यसको आभाव देखिएको छ । त्यसले एक खालको समस्याहरु देखा परेको छ । अहिलेको असंतुष्टिमा खेल्ने कार्यहरु समेत भईरहेका छन । साँचो नेतृत्व भनेको केवल चुनाव जितेर सत्तामा पुग्नु मात्र होइन । उनिहरु जनताको हितमा शासन गर्ने हो तर अहिले दलहरुको सोचमा आएको परिवर्तन वा अंहकारवादी चिन्तनको कारणले शासन जसरी पनि गर्ने हो भन्ने सोचको कारणले गर्दा नै समस्या देखा परेको छ । अर्थात नेतृत्वले जहिलेपनि जनताको अपेक्षा अनुसार कार्यहरु गर्ने हो तर त्यो भईरहेको छै ।

अर्थात नेतृत्वमा देखा परेको समस्याहरुको कारणले गर्दा नै धेरै समस्याहरु आएको छ । अहिलेको कार्यहरुको वा भनौ असंतुष्टिहरुको उपज समेत तिनै असंतुष्टिको एउटा श्रृखलाको रुपमा रहेको छ । नेतृत्व भनेको जनताले के भन्लानभन्दा पनि आफ्नो दृढ आत्मविश्वासका साथ देशलाई सही मार्गदर्शन दिने, जनतालाई शिक्षित बनाउने र सही निर्णय लिन सहयोग गर्ने प्रक्रियामा अग्रसर बन्नु हो । हामी कहा जनप्रतिनिधिहरुले गर्ने कामहरुको कारणले गर्दा नै समस्याहरु आउने गरिएको छ । अहिले गाउ गाउमा अनियमतिताको कुराहरु आउने गरिएको छ । गाउ गाउमा पुगेको सिंहदरवारका शासकहरु आफुलाई महाराजा झै जनतासंग व्यवहार गर्ने गरेका छन । त्यो एउटा समस्या र चुनौती रहेको छ । त्यसकारणले जनता अहिलेको व्यवस्था भन्दा पनि आफनो जनप्रतिनिधिहरुको क्रियाकलापको कारणले असंतुष्ट भएका छन । त्यसकारणले अहिलेको संघीयता सहितको व्यवस्था सर्वोत्तम शासन व्यवस्था रहेको छ । आखिर जनताले त्यो शासन व्यवस्थालाई आफनो मताधिकारबाट स्वीकार गरेको अवस्था छ त्यसकारणले अहिलेको व्यवस्था प्रति जनताको कुनै गुनासो वा दोष छैन हो जनप्रतिनिधिहरुको कार्यशैली प्रति असंतुष्टिहरु हुन सक्छ । त्यसमा सुधारको खांचो रहेको छ । त्यो सुधार भयो भने जनता मात्रै जनताको अपेक्षाहरु पुरा हुन सक्छ त्यसकारणले जनअपेक्षाहरुलाई पुरा गर्ने तर्फ प्रतिनिधिहरुले आफनो ध्यान दिनुपर्ने आवश्यकता रहेको छ ।

# विचारः वन पैदावार उपयोग नहुँदा बढ्दै डढेलोको जोखिम

हरिप्रसाद बाँस्तोला/रासस

गण्डकी, १० चैतः हिउँदे वर्षाको कमी, बढ्दो तापक्रम र वन पैदावारमा आधारित उद्यम सञ्चालन हुन नसक्दा मुलुकमा वन डढेलोको जोखिम बढ्दै गएको छ । वन क्षेत्रमा रहेका ज्वलनशील पदार्थ उपयोग नहुँदा डढेलोको जोखिम बढेको हो।

वन क्षेत्रको घाँस, दाउरा, काठलगायत वन पैदावार उपयोग नहुनु र चरिचरणको अभावमा जङ्गलमा पातपतिङ्गर तथा झाडी थुप्रिँदै जाँदा वन डढेलोको जोखिम प्रत्येक वर्ष बढ्दै गएको छ । डढेलोले वन्यजन्तु, बोटबिरुवा, वनस्पति, जडीबुटी र काठ दाउरासहित जैविक तथा पर्यावरणीय क्षति बढ्दै गएको छ।

सरकारी पक्षको उदासिनता, कानुनी अस्पष्टता, जलवायु परिवर्तन, परम्परागत ज्ञान प्रयोगमा कमी जस्ता कारणले मुलुकमा वन डढेको प्रकोप निरन्तररुपमा बढ्दै गएको हो । वन डढेलोको मुख्य कारण मानवीय लापरबाही नै हो । वन क्षेत्रमा खनिएका सडकका यात्रीले प्रयोग गरेका प्रज्वलनशील पदार्थ, चुरोट बिँडी खाएर फालेका ठुटा, स्थानीय बासिन्दाले निजी जग्गामा पोलिएका सोत्तरका कारण सल्किएको सानो झिल्कोले सिङ्गो वन, जङ्गली जनावर एवं चराचुरुङ्गीको बासस्थान नष्ट हुनुका साथै मानवबस्तीसमेत सखाव भएका घटना घटने गरेका छन्।

लामो समय वर्षाको अभावका कारण जोखिमयुक्त सिजन नआउँदै देशका विभिन्न क्षेत्रमा डढेलो लागेको खबर आउन थालिसकेका छन् । यस वर्ष हिमाल पारिको जिल्ला मनाङमा माघको अन्तिम हप्तामासमेत जङ्गलमा आगो लागेको घटनाले थप चुनौती उत्पन्न भएको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गत पर्ने सो क्षेत्रमा सल्लाको काठ, पातपतिङ्गरले गर्दा आगो नियन्त्रण गर्न चुनौती भएको थियो । सुक्खायाम र हावाहुरी चल्ने मौसमले गर्दा पनि आगो बढेको हो। डढेलोले वनआलु, लौठसल्ला, जटामसी, पाँचऔँले, गुची च्याउलगायत जडीबुटीजस्ता खाद्यान्न तथा बहुमूल्य जडीबुटी सङ्कटमा पर्दै गएका छन्।

अघिल्लो वर्ष कास्कीको अन्नपूर्ण गाउँपालिकामा एक जनाको आगो नियन्त्रणका क्रममा ज्यान गएको थियो । जङ्गलमा पैmलिएको आगोबाट बास जोगाउन खोज्दा ज्येष्ठ नागरिकको श्वास रहेन । कास्कीमा वनमा आगो लगाउने एक जनालाई डिभिजन वन कार्यालय र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत तीन जनालाई पक्राउ गरी धरौटीमा छोडिएको थियो । प्रत्येक वर्ष खर्बौं रुपैयाँ बराबरका काठ, काठजन्य सामग्री, आल्मोनियम, फलाम र युपिभिसीजस्ता सामानको आयात वृद्धि हुनु र मुलुकको वन पैदावार कुहिएर र सडेर खेर जानुका साथै वन क्षेत्रमा झाडी बढ्दा सुक्खा मौसममा आगलागीको जोखिम बढ्दै गएको छ । वन डढेलोका कारण वातावरणीय र मानव स्वास्थ्यमा जटिल समस्या सिर्जना भएको विगतले देखाएको छ।

मुलुक सङ्घीय संरचनामा गएसँगै गठित प्रदेश सरकारले सामुदायिक वन समूहलाई थोपारेको करले उपभोक्तामा वनको संरक्षणप्रति दिनप्रतिदिन नैराश्यता बढ्दै जानु, जङ्गली जनावरले उठिबास गराउँदा ग्रामीण क्षेत्रमा कृषिलगायत विभिन्न व्यवसाय गरेर जीविकोपार्जन गर्ने स्थानीय बासिन्दा पछिल्लो समय गाउँ छोड्न बाध्य भएका छन् । सगरमाथा, बुद्धजन्म भूमि र पछिल्लो समय नेपाल विश्वसामु सामुदायिक वनको देशका रुपमा परिचित भएको छ । उपभोक्ताको पहलमा संरक्षण, सम्वर्द्धन र विकासमा महत्वपूर्ण भूमिका रहे पनि त्यसबाट स्थानीय र राज्यले कुनै पनि उपलब्धि हासिल गर्न नसक्दा बेल पाकेर कागलाई हर्षन विस्मात जस्तै भएको छ।

वन तथा भू–संरक्षण विभागका अनुसार विसं २०७० वैशाखदेखि २०७९ चैतसम्म १८ हजार सात सय ९१ वटा आगलागी तथा वन डढेलोका घटना घटेका थिए । त्यस अवधिमा आगो नियन्त्रणमा परी सात सय ६९ को ज्यान जानुका साथै दुई हजार पाँच सय ६८ जना घाइते भएका छन् । सो अवधिमा २२ अर्ब २३ करोडभन्दा बढीको क्षति भएको तथ्याङ्कमा उल्लेख छ । तथ्याङ्कअनुसार भू–उपग्रहबाट ‘रेकर्ड’ गरिएको विवरणअनुसार २०८० साल मङ्सिरदेखि चैत १३ गतेसम्म देशभर एक हजार १९६ स्थानमा डढेलो लागेको थियो। डढेलो लागेको जङ्गलमध्ये डिभिजन वन कार्यालयअन्तर्गत रहेका आठ सय आठ र संरक्षित क्षेत्रअन्तर्गतका तीन सय ८८ वटा थियो।

संरक्षित क्षेत्रतर्पm सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्ज र सीमावर्ती क्षेत्रमा एक सय १३ र सबैभन्दा कम रारा राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रको तीन स्थानमा मात्र वनडढेलो लागेको थियो । त्यसैगरी बागमती प्रदेशमा दुई सय ७८ स्थान सबैभन्दा बढी र लुम्बिनी प्रदेशमा सबै भन्दा कम ४१ स्थानमा डढेलो लागेको विभागले जनाएको छ।

वन तथा भूसंरक्षण विभागका अनुसार नेपालमा बर्सेनि दुई लाख हेक्टरभन्दाबढी वन क्षेत्रमा डढेलो लाग्दा वार्षिक दुई अर्ब रुपैयाँभन्दा बढीको प्रत्यक्ष क्षति हुने गरेको अनुमान छ। विशेष गरी नेपालमा ८० प्रतिशत भन्दाबढी डढेलो फागुनदेखि वैशाखसम्म लाग्ने गरेको छ। लामो खडेरी, हावाहुरी र अत्यधिक गर्मीका कारण उक्त अवधिमा डढेलोको जोखिम बढ्ने गरेको यस क्षेत्रका विज्ञको भनाइ छ।

वनजङ्गलमा डढेलो लगाउनेलाई कारबाही हुने कानुनी व्यवस्था छ । वन ऐन, २०७६ मा राष्ट्रिय वनमा आगो लगाउने र आगलागी हुने कुनै कार्य गरेमा क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा रु ६० हजार जरिवाना अथवा दुवै सजाय हुनसक्ने व्यवस्था छ । समाजमा आगो लगाउनेको पहिचान गरी सूचना दिनेभन्दा पनि लुकाउने प्रचलन बढी छ । विशेषगरी आगो नियन्त्रणमा भन्दा आगो लग्न नदिन सम्पूर्ण सरोकारवाला सचेत हुनुपर्दछ । वनमा थुप्रिएका पातपतिङ्गर, झाडी, दाउरा, घाँसलगायत वन पैदावारको व्यवस्थापन गर्नु वर्तमानको आवश्यकता हो।

वन पैदावारमा आधारित जैविक मल उत्पादन गर्नेखालका उद्यम, फर्निचर, जडीबुटी प्रशोधनलगायत वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्न तीनै तहका सरकार र स्थानीय उपभोक्ताले ध्यान दिनु अपरिहार्य छ । पोखरा महानगरपालिका १८ सराङकोटस्थित ठोट्ने खोला सामुदायिक वन उपभोक्ता समूहले वनको पातपतिङ्गर झाडी सफाइ अधियान सञ्चालन गरेको छ । जसबाट दैनिक २० जनाले रोगजार पाएका छन् भने सङ्कलित वन पैदावारबाट जैविक मल उत्पादन गर्ने तयारीमा समूह जुटेको छ।

समूहले कच्चपदार्थको प्रतिकिलो रु दुईका दरले खरिद गर्दै आएको छ । जुन ठाउँ अहिले खोरिया फाँडेको जस्तो देखिन्छ । एकातिर मल उत्पादन हुने अर्कोतर्पm वनमा डढेलो नलाग्नुका साथै हरित रोजगार सिर्जनामा सहयोग पुग्ने यस्ता गतिविधि सबै वन समूहले अनुशरण गर्नुपर्ने आवश्यक छ । जसबाट वनडढेलो घटनुका साथै हरित रोजगार सिर्जनामा सहयोग पुग्दछ । मुलुकको समृद्धिमा टेवा पुग्दछ । आगलागी भइहालेमा ‘फायर फाइटिङ’ उपकरण तथा दमकललाई चुस्तदुरुस्त राख्नुपर्दछ । स्थानीय वन समूहले पनि डढेलोको मुख्य ‘सिजन’ तीन महिनाका लागि बढी निगरानी गर्नुपर्दछ । जसमा घर लौरो तथा कोषको रकम लगानी गरेर ‘हेरालो’को व्यवस्था गर्न सकेमात्र वनजङ्गल जोगाउन सकिन्छ।

वन क्षेत्रमा अग्निरेखा (फायर लाइन) निर्माण गर्नु अपरिहार्य छ । जसबाट आगो नियन्त्रणको पहिलो प्राथमिकता हो । वन डढेलोविरुद्ध सचेतीकरणतर्पm विपद् व्यवस्थापनमा आबद्ध तीनै तहका सुरक्षा निकाय, स्थानीय बासिन्दासँगै अत्यधिक सुविधायुक्त प्रविधिको उपयोगमा जोड दिनुपर्दछ।

# के बालबालिका मोबाइलको लतमा छन छुटाउन यी ५ टिप्स प्रयोग गर्नुहोस्

काठमाडौं, ९ चैत । स्मार्टफोन हाम्रो जीवनको अभिन्न अंग बन्दै गएको छ। अवस्था यस्तो छ कि स्मार्टफोन बिना एक पल पनि बिताउन गाह्रो भइसकेको छ।

समान खरिद पछि बिलहरू तिर्ने, इमेलहरू जाँच गर्ने, गेमहरू खेल्ने देखि लिएर सामाजिक सञ्जालमा साथीहरूमार्फत परिवारहरूसँग जोडिन पनि हामी कुनै न कुनै कारणले स्मार्टफोनहरूसँग निरन्तर सम्पर्कमा रहेका छौं।

तर, हामीले यो पनि देखेका छौं कि बालबालिकाहरू पनि मोबाइल फोनको लतमा फसेका छन्। जसका कारण बालबालिका पढाइमा पनि ध्यान दिन सक्दैनन्। मोबाइलका कारण उनीहरु कुनै पनि शारीरिक गतिविधि गर्न सक्दैनन्।

पहिले केटाकेटी खेल्न बाहिर जान्थे, अहिले उनीहरु बाहिर निस्कनुको सट्टा मोबाइल फोनमै व्यस्त रहने गरेका छन् । जसका कारण उनीहरुको शारीरिक विकास पनि हुन सकेको छैन । राम्रोसँग पढाइसमेत गर्न पाएका छैनन्।

यस्तो अवस्थामा आफ्ना छोराछोरीलाई मोबाइलको लतबाट कसरी मुक्त गर्ने भन्ने चिन्तामा अभिभावकहरु निकै चिन्तित छन् । यदि तपाई पनि यसबाट चिन्तित हुनुहुन्छ भने चिन्ता लिनु पर्दैन । हामी तपाईलाई केही यस्ता टिप्सहरु दिदैछौ, जसको पालना गरेर तपाईले पनि आफ्ना बच्चाहरुलाई मोबाइलबाट टाढा राख्न सक्नुहुन्छ । हामी ती सुझावहरूको बारेमा विस्तृत रूपमा बताउने छौं।

**बाहिरी खेलाउनुहोस्**

यदि तपाईं आफ्ना बच्चाहरूलाई स्मार्टफोनबाट टाढा राख्न चाहनुहुन्छ भने, तिनीहरूलाई बाहिरी खेलहरू र फिटनेस गतिविधिहरूको लागि प्रोत्साहित गर्नुहोस्। यसका लागि तपाईंले पौडी, साइक्लिङ वा मार्शल आर्टजस्ता खेलहरू खेल्न सक्नु हुन्छ साथै तिनीहरूका लागि फुटबल, बास्केटबल वा टेनिसजस्ता टिम गेमहरू खेल्न सक्नु हुन्छ।

यी गतिविधिहरूले स्मार्ट फोनको प्रयोग घटाउन मद्दत गर्नुका साथै सामाजिक जडान, सहकार्य र सफलताको भावना प्रदान गर्नेछ।

**फोनबाट बालबालिकालाइ टाढा राख्नुहोस्**

यदि तपाई आफ्ना बालबालिकालाई फोनको लतबाट मुक्त गर्न चाहनुहुन्छ भने फोनलाई बालबालिकाको नजरबाट टाढा राख्नुहोस् । सुत्न जाँदा मोबाइल नजिकै राख्ने प्रयास नगर्नुहोस् । सानै उमेरमा आफ्नो बच्चाको लागि फोन किन्ने गल्ती नगर्नुहोस्। यसले उनीहरूको बानी तोड्न गाह्रो हुनेछ।

**स्क्रिन समय सेट गर्नुहोस्**

बच्चाहरूलाई मोबाइल फोनबाट पूर्ण रूपमा हटाउन सम्भव छैन तर तिनीहरूको स्क्रिन समय सीमित भने बनाउन सकिन्छ । दिनभर मोबाइल चलाउनको लागि समय तय गर्नुहोस् र सोही अनुसार फोन दिनुहोस्। यसबाट उनीहरुले बिस्तारै आफ्नो बानी कम गर्न थाल्छन्।

**परिवारसँग समय बिताउनुहोस्**

प्रायः बालबालिकाले एक्लो महसुस गर्ने भएकाले मोबाइल फोन बढी प्रयोग गर्छन्। उनीहरूसँग समय बिताउनु होस्, कुराकानी गर्नु होस् र घरमा यस्तो वातावरण सिर्जना गर्नुहोस् कि उनीहरू स्क्रिनलाई भन्दा परिवारलाई प्राथमिकता दिन थालुन।

**फोन आफै प्रयोग नगर्नुहोस्**

यदि तपाईं अभिभावक हुनुहुन्छ भने आफैँ मोबाइलमा व्यस्त रहनु भयो भने तपाईंका बच्चाहरूले पनि त्यही सिक्ने छन्। तसर्थ, यो महत्त्वपूर्ण छ कि तपाईले आफ्नो मोबाइलको प्रयोगलाई पनि सीमित गर्नुपर्छ।

# राती घण्टौं निंद्रा लागेन, यी योग आसनले गर्नेछ मद्दत

काठमाडौं, १० चैत । व्यस्त जीवन, तनाव, गलत जीवनशैली र स्क्रिन टाइमको बृद्धिका कारण धेरैलाई निद्रा नलाग्ने समस्या देखिन थालेको छ।

राम्रो निन्द्राले शरीरलाई आराम दिन मात्र नभई मानसिक स्वास्थ्यका लागि पनि धेरै महत्त्वपूर्ण हुन्छ। यदि तपाई पनि राति ढल्किरहनु हुन्छ तर सुत्न सक्नुहुन्न भने योगले तपाईलाई मद्दत गर्न सक्छ। योगले शरीरलाई लचिलो मात्र बनाउँदैन, यसले मानसिक शान्ति पनि दिन्छ र अनिद्रा हटाउन पनि प्रभावकारी हुन्छ।

विशेष गरी यहाँ केही योग आसनहरू छन्, जसले शरीरलाई गहिरो आराम दिन्छ र राम्रो निद्रामा मद्दत गर्दछ। आजको यस लेखमा हामी केही यस्ता योगासनका बारे जानकारी गराउने छौं, जसले अनिद्राको समस्यालाई हटाउन सक्छ।

बालासनः

बालासनले शरीर र दिमागलाई शान्त बनाउँछ, जसले तनाव कम गर्छ र राम्रो निद्रामा पु¥याउँछ। यसका लागि तपाईंले आफ्नो घुँडा टेकेर बस्नु पर्छ र आफ्नो खुट्टा पछाडि फैलाउनु पर्छ। अगाडि झुकेर, भुइँमा आफ्नो निधारमा आराम गर्नुहोस् र आफ्नो हातहरू अगाडि बढाउनु होस्। केही समय यस स्थितिमा रहनु होस् र गहिरो श्वास लिनुहोस्।

उल्टो मुद्राः

यो आसनले रक्तसञ्चार सुधार गर्छ र दिमागलाई शान्त बनाउँछ, जसले छिट्टै निदाउन मद्दत गर्छ। यसका लागि पर्खालको छेउमा सुत्नु होस् र आफ्नो खुट्टा माथि उठाउनु होस् र तिनीहरूलाई भित्तामा आराम गर्नुहोस् । आफ्नो हात शरीरको छेउमा राख्नुहोस् र आफ्नो आँखा बन्द गर्नुहोस्। ५–१० मिनेटको लागि यो स्थितिमा रहनुहोस् र बिस्तारै सास फेर्नुहोस्।

सुखासनः

गहिरो सास फेर्दा शरीरमा अक्सिजनको मात्रा बढ्छ र सुत्न मद्दत गर्छ। त्यसैले सुखासन पनि गर्न सकिन्छ । यो गर्न पनि धेरै सजिलो छ। पद्मासन वा सुखासनमा बस्नु पर्छ। आफ्नो आँखा बन्द गर्नुहोस् र लामो गहिरो सास लिनुहोस्। ५–१० मिनेट ध्यान गर्नुहोस्। तपाईंले प्रभाव देख्न सुरु गर्नु हुनेछ।

उत्तानासनः

यो आसनले शरीर र दिमागलाई आराम दिन्छ र स्नायुहरूलाई शान्त बनाउँछ। यसका लागि सिधा उभिनुहोस् र आफ्नो खुट्टालाई अलिकति अगाडि झुकाउनु होस् र हातले खुट्टा छुने प्रयास गर्नुहोस्। ३० सेकेन्डदेखि १ मिनेटसम्म यस स्थितिमा रहनु होस् र त्यसपछि सामान्य बन्नु होस्।

शवासनः

शवासन उत्तम योग आसन हो, जसले सम्पूर्ण शरीरलाई आराम दिन्छ र राम्रो निद्रामा मद्दत गर्दछ। यो गर्न पनि धेरै सजिलो छ। तपाईले गर्नुपर्ने भनेको तपाईको पछाडि सुत्नु हो र तपाईको हात र खुट्टा खुकुलो छोड्नु हो। त्यसपछि आँखा बन्द गर्नुहोस् र बिस्तारै सास फेर्नुहोस्। ५–१० मिनेटको लागि यो स्थितिमा रहनु होस् र त्यसपछि सामान्य बन्नु होस्।

# खानेपानी, सरसफाई तथा स्वच्छताको कानून चांडै ल्याउंदैछौः मन्त्री यादव

**जनकपुरधाम**
मधेश सरकारका ऊर्जा, सिचाई तथा खानेपानी मन्त्री शेषनारायण यादवले खानेपानी, सरसफाई तथा स्वच्छतामा भयावह अवस्था रहेको बताएका छन् ।

आइतवार वीरगञ्जमा युनिसेफको सहयोगमा नेपाल सरकारका खानेपानी मन्त्रालयका खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा आयोजित खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रगत वितिय रणनीति तर्जुमा प्रशिक्षक प्रशिक्षण कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

उनले भने मधेशमा यो अवस्था सरकारको कमी कमजोरी भन्दा पनि जानीजानी र जनचेतना आभाव व्यक्तिले आफै ल्याएका हुन ।

स्वच्छता र सरसफाईतर्फ प्रत्येक नागरिक घरमा कुनै न कुनै माध्यमले चर्पी बनाइएको छ । तर केहीले त्यसको प्रयोग नगरी खुल्ला स्थानमा नै शौच गर्दै आएका छन् । यो अवस्था जानी जानी र बानी व्योहरामा परिवर्तन नआउनुको कारण हो ।

उनले थप्दै भने सरसफाई र स्वच्छता प्रमुख जिम्मेवार स्थानीय तह भएको हुनाले जानीजानी गलती गर्नेलाई कारवाही र बानीव्योहरामा परिवर्तन ल्याउन जनचेतना फैलाउन आवश्यक रहेकाले स्थानीय सरकार गम्भीर हुनुपर्छ ।

साथै उनले खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापनका लागि (वास) संग सम्बन्धित कानून नै ल्याउन लागेको जानकारी गराए ।

मन्त्री यादवले भने अहिलेसम्म कानून आभावमा प्रदेश सरकारले सोचेजतिको आवश्यक काम गर्न सकेको छैन । खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा व्यवस्थित तरिकाले काम गर्न कानून ल्याउन लागेका हौ, खाका तयार भइसकेको छ चांडै नै कानून ल्याउनेछौं ।

बागमती प्रदेश खानेपानी विभागका सचिव मोहन शाक्यको अध्यक्षतामा सम्पन्न सो उद्घाटन सत्र कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्ण लगायत बागमती, कोशी, मधेश र गण्डक सहित चार प्रदेशका ३२ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको छ ।




# एक दर्जन नेपाली भारतमा सम्मानित



**राजविराज,**
मानवअधिकार, महिला शसक्तिकरण, समाजिक न्याय, संचार लगायतका क्षेत्रमा योगदान गरेवापत एक दर्जन नेपाली भारतमा सम्मानित भएका छन् ।

भारतको पश्चिम बंगाल राज्यको राजधानी कोलकत्तामा आइतबार ग्लोबल ह्युमन राइट्स प्रोटेक्शन फोरमले एक कार्यक्रमको आयोजना गरि १५ जना नेपालीलाई सम्मान गरेको हो ।

सम्मानित हुनेहरुमा तराई मधेश महिला फाउण्डेशन नेपालकी अध्यक्ष सुनिता कुमारी साह क्रान्ति, पूर्व प्रदेश सांसद नेत्रविक्रम साह, नेपाल पत्रकार महासंघका केन्द्रिय परिषद् सदस्य मनोज कुमार माझी, अधिकारकर्मी एवं संचारकर्मी बृजमोहन कुशवाहा, सामाजिक अभियन्ता अनवर अली छन् ।

त्यस्तै पारस प्रसाद जयशवाल, प्रमिला गिरी, सत्येन्द्र प्रसाद गुप्ता लगायत १५ जना ग्लोबल ह्युमन राइट्स अवार्ड २०२५ बाट सम्मानित भएका छन् ।

नेपाली टोलीको नेतृत्व तराई मधेश महिला फाउण्डेशन नेपालकी अध्यक्ष साहले गरेकी थिइन् । कार्यक्रमका प्रमुख अतिथि ह्युमन राइट्स प्रोटेक्शन फोरमका अध्यक्ष बिरमणि सिंह, पश्चिम बंगालका अध्यक्ष महानन्दा सरकार दत्त, डा. बिजयी कस्तुरी, डा. अजित दत्त, डा. प्रकाश रमभाव, डा. मुकुल चक्रवती लगायतले उक्त अवार्ड प्रदान गरेका थिए ।

उक्त फोरमले विगत दुई दशकदेखी मानवअधिकार, महिला सशक्तिकरण र सामाजिक न्याय लगायतका क्षेत्रमा काम गरेका व्यक्तित्वहरुको छनौट गरि सम्मान गर्दै आएको छ ।

# सप्तरीमा मारवाडी समुदायले धुमधामका साथ मनाउँदै गणगोर महोत्सव



**राजविराज,**
मारवाडी समुदायले मनाउँदै आएको गणगोर पर्व यहाँ महोत्सवका रुपमा धुमधामका साथ मनाइदै छ ।

यसै क्रममा महोत्सवका क्रममा आइतबार अग्रवाल परिवार राजविराज तथा मारवाडी महिलाहरुको संयुक्त आयोजनामा विभिन्न कार्यक्रमको आयोजना गरिएको छ ।

मारवाडी समुदायका महिला, बालबालिका र युवतीको उल्लेख्य सहभागितामा स्थानीय साह धर्मशालामा गण अर्थात भगवान शिव र गौर अर्थात देवी पार्वतीको चित्र र मुर्ती राखेर पुजापाठ र नाचगान कार्यक्रम गरिएको छ ।

विशेष गरि महोत्सव अन्तरगत विगत दश दिनदेखी जारि कार्यक्रममा मारवाडी समुदायका विवाहित र अविवाहित महिलाहरुको उत्साहजनक सहभागिता रहने गरेको छ । विवाहित महिलाले श्रीमान्को लामो आयुको कामना तथा अविवाहित महिलाले सुन्दर, शुसिल र सक्षम श्रीमान्को मनोकांक्षा राखेर गणगौर पूजा र महोत्सवमा सहभागि हुने गरेको मारवाडी महिला ज्योती रुंगटाले बताइन् ।

सो अवसरमा सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवाल, अग्रवाल समाजका अध्यक्ष घनश्याम अग्रवाल बजाज, समाजका निवर्तमान अध्यक्ष मनोज अग्रवाल, नेपाल पत्रकार महासंघका केन्द्रिय परिषद् सदस्य मनोज कुमार माझी, समाजसेवी अजय रुंगटा, मिना अग्रवाल, मिनाक्षि अग्रवाल, शुसिला अग्रवाल लगायतले शुभकामना दिएका थिए ।

महोत्सव चैत्र १७ गतेसम्म चल्ने आयोजक अग्रवाल समाजले जनाएको छ ।

# नेविप्र चन्द्रपुरमा माछापालक कृषकको दबाबमूलक धर्ना



आरके श्रीवास्तव,रौतहट,१० गते चैत ।

रौतहट । रौतहटमा माछापालक कृषकले आज दबाबमूलक धर्ना दिएका छन् । माछा कृषकको आम्दानी भन्दा लागत मूल्य बढाउने उधोग मिटर हटाइ कृषि मिटर कायम गर्न एक दिने दबाबमूलक धर्ना कार्यक्रम गरिएको मत्सय पालक कृषक रामबाबु चौरीले जानकारी गराएका हुन् ।

नेपाल मत्सय व्यवसायी संघ रौतहटको आयोजनामा आइतवार माछा कृषकहरुले धर्ना दिएका थिए । नेपाल विधुत प्राधिकरण चन्द्रनिगाहपुर वितराण केन्द्रको अगाडी उनीहरुले एक दिने धर्ना दिएका हुन् ।

माछापालन कृषि अन्तर्गत पर्ने भएपनि विधुत प्राधिरकणले औधोगिक मिटर थमाएर माछापालक किसानको ढाँड सेक्ने काम गरेकोले यसलाइ तुरुन्त सच्चयाउन माग गरेका छन् । उनले भने—माछापालन कृषि अन्तर्गत पर्ने गर्दछ । तर हामीलाइ बढी विधुत महसुल तिर्नु परेको छ । कृषि मिटर कायम नहुँदा आफूहरुलाइ घाटा भइरहेको बताए । जसले गर्दा हाम्रो कारोबार नै धरासायी बन्ने कागार पुगेको उनी बताउँछन् । राज्यले यसलाइ तुरुन्त सम्बोधन गर्नु पर्दछ । आफूहरुको मागलाइ समयमा सम्बोधन नगरे कडा रुपमा आन्दोलन गर्ने उनीहरुले चेतावनी समेत दिएका छन् ।

रौतहटमा रहेको नेपाल विधुत प्राधिरकणको प्रत्येक वितरण केन्द्रको अगाडी यसरी नै आइतवारका दिन धर्ना दिने कार्यक्रम रहेको चौधरीले बताएका हुन् ।

# हस्तलेखन कलाले जगाएको उत्साह

**राजविराज**
सप्तरीको राजविराज नगरपालिका ८ निवासी आर्यन दास अहिले निकै उत्साहित छन् । स्थानीय प्रिमियर सेकेन्ड्री स्कुलमा ९ कक्षामा अध्ययनरत १४ वर्षिय दास महोत्तरीको बर्दिवासमा हालै सम्पन्न मधेश प्रदेश स्तरिय हस्त लेखन प्रतियोगिता २०८१ मा उपबिजेता भएपछि उत्साहित भएका हुन् ।

उनी अर्को वर्ष पहिलो स्थान ल्याउने गरी अहिलेदेखी नै तयारी सुरु गरेको बताउँदै आफ्नो उत्साह व्यक्त गरेका छन् ।

आफ्नो उत्कृष्ट हस्त लेखनका कारण पुरस्कृत भएका दासलाई अहिले बधाई थाप्र भ्याई नभ्याई भएको छ । विद्यालयका शिक्षकदेखी सहपाठी र छिमेकीहरु पनि बधाई दिन घर पुग्न थालेपछि बुबा सरोज दास र आमा भारती पनि दंग छन् ।

पढाईमा अब्बल रहेका छोरा दास हस्त लेखनमा पनि नाम कमाएपछि निकै खुशी भएकी आमा भारतीले भनिन्, "छोराले यसरी नाम कमाउला भन्ने लागेकै थिएन् ।"

दास अध्ययनरत विद्यालयले पनि उनलाई सम्मान गरेको छ । प्रिन्सिपल राजेश कर्णले भने, "आफ्नो जिल्लाको मात्र नभई विद्यालयको नाम समेत उच्च पारेकाले उनको प्रतिभाको कदर गर्दै सम्मान गरेका हौं ।"

दासले कदरपत्र, ट्रफीसँगै ५ हजार रुँपैया नगद पुरस्कार प्राप्त गरेका छन् । उनलाई कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेशका शिक्षा मन्त्री रानी शर्मा तिवारीले पुरस्कारसहित सम्मान गरेका थिए ।

पढाईमा अब्बल रहेका दास हस्त लेखनमा समेत अब्बल बनेपछि विद्यालय परिवार पनि उत्साहित बनेको प्रिन्सिपल कर्णले सुनाए । उक्त प्रतियोगितामा १० कक्षामा अध्ययनरत बाराकी पायल रौनियार प्रथम तथा दाससहित रौतहटकी ९ कक्षामा अध्ययनरत एमसुल खनाल संयुक्त रुपमा उपबिजेता भएका थिए ।




# काम विशेषले बजार निस्केका सरणको सडकमै ढलेर मृत्यु

**राजविराज,**
बजार निस्केका एक बृद्धको सडकमै ढलेर निधन भएको छ । आइतबार दिउँसो डेढ बजेतिर बाम विशेषले बजार निस्केका राजविराज ३ निवासी ६७ वर्षिय उमेशनाथ शरणको यसरी मृत्यु भएको हो ।

झोला बोकेको एक बृद्ध सडकमा ढलेको देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । उनलाई तत्कालै स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याइएको थियो । तर अस्पताल पु¥याउदा उनको मृत्यु भइसकेको प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

मुटुको दिर्घ रोगी भएका कारण उनको मृत्यु भएको हुन सक्ने आशंका प्रहरीले गरेको छ । परिवारजनका अनुसार मुटुमा समस्या भएका शरण दुई दिनअघि मात्र बिराटनगरबाट उपचार गराई घर फर्केका थिए ।



मोबाइलबाटै
मधेशदृष्टि
पढ्नका लागि
स्क्यान गर्नुहोस्

### सिरहामा विभेदको घटनाः

## गाउँपालिका अध्यक्ष र पूर्ववडाध्यक्षलाई अदालतबाट म्याद थप

# जसपा नेपालद्वारा आन्दोलनको चेतावनी




**सिरहा,**

सिरहाको औरही गाउँपालिका–५ मा महायज्ञका नाममा जातीय विभेद गरिएको घटनामा पक्राउ परेका गाउँपालिका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीप यादवलाई थुनामा राखेर अनुसन्धान गर्न अदालतबाट पाँच दिनको म्याद थप भएको छ । जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी कसुरमा पक्राउ परेका दुवै जनालाई थप अनुसन्धानका लागि सिरहा जिल्ला अदालतले पाँच दिन म्याद दिएको हो । शुक्रबार पक्राउ परेका दुवै जनालाई आज जिल्ला अदालतबाट आवश्यक अनुसन्धानको म्याद थप गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी उपरीक्षक रमेश पण्डितले जानकारी दिए ।

यही चैत १७ देखि आयोजना हुने भनिएको महायज्ञका नाममा गत फागुन १० गते अछुत भन्दै महायज्ञस्थलमा रहेको स्थानीय दीपक मल्लिकको घर भत्काइएको थियो । गाउँपालिका अध्यक्ष, पूर्ववडाध्यक्ष र बजरङ्गी बाबाले डोजर लगाएर भत्काइदिएको भनेर घटना सार्वजनिक भएको थियो । घर भत्काएपछि उक्त घरले चर्चेको जमिनको माटोसमेत ताछेर फालेपछि जातीय विभेद गरेको भन्दै विरोध भइरहेको छ ।

घटनामा संवेदनशील नभएको भन्दै गृहमन्त्रालयले प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाललाई शुक्रबार नै मन्त्रालय तानिसकेको छ । यसैगरी राष्ट्रिय मानवअधिकार आयोग तथा राष्ट्रिय दलित आयोगले घटनाको अनुसन्धान अगाडि बढाएका छन् । घटनामा सङ्लग्न बजरङ्गी बाबा भने फरार रहेकाले खोजी भइरहेको प्रहरी उपरीक्षक पण्डितले जानकारी दिए । यता जनता समाजवादी पार्टी (जसपा) नेपाल, सिराहाले दलित परिवारको घर भत्काएको आरोपमा पक्राउ परेका औरही गाउँपालिका अध्यक्ष शिवजी यादसहितलाई रिहाइ गर्न माग गरेको छ । आइतबार जिल्ला प्रशासन कार्यालय सिराहामा ज्ञापन पत्र बुझाउँदै जसपा नेपालले सिराहा प्रहरीले ८ चैतमा अध्यक्ष यादव, पूर्व वडाध्यक्ष दिलीप यादव लगायतका व्यक्तिहरूलाई छलफलको लागि बोलाएर कुनै पूर्व जानकारी बिना थुनामा राखेको आरोप लगाएको छ ।जसपाले यस घटनालाई राजनीतिक प्रतिशोधको रूपमा व्याख्या गर्दै गम्भीर आपत्ति जनाएको छ ।

## ससुराली हिँडेका शिवशंकरको विभत्स हत्या, जंगलमा भेटियो शव

**जनकपुरधाम ।** महोत्तरीको जंगलमा एक युवकको धारिलो हतियारले प्रहार गरी हत्या गरेको अवस्थामा शव फेला परेको छ । महोत्तरीका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक सन्तुलाल प्रसाद जैसवारका अनुसार शुक्रबार साँझ साढे ५ बजेको समयमा गौशाला नगरपालिका ८ स्थित सागरनाथ वन विकास परियोजनाको जंगलमा युवकको शव फेला परेको बताए ।

धनुषाको क्षिरेश्वरनाथ नगरपालिका ८ दिगम्बरपुर बस्ने २५ वर्षीय शिवशंकर महतोको जंगलमा रेल्वे ट्र्याकको दक्षिणतर्फ घाँटीमा धारिलो हतियार प्रहार गरिएको अवस्थामा शव फेला परेको प्रवक्ता जैसवारले बताए । शवको सनाखत भएपछि हत्याको घटनामा अनुसन्धान अगाडि बढाइएको बताए ।

दिगम्बरपुरका स्थानीयका अनुसार शिवशंकर बिहीबार दिउँसो श्रीमती सृजना, १० महिने छोरासहित घरबाट ससुराली महोत्तरीको बर्दिबासका लागि निस्केका थिए ।

## रौतहटमा मुख्यमन्त्रीको निर्देशन अवज्ञा
## बन्द गरिएका अस्पतालहरु निर्बाध रुपमा सञ्चालन

**चन्द्रपुर**

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहको निर्देशनमा बन्द गराइएका रौतहटका करिब २० वटा निजी अस्पताल खुलेआम सञ्चालन भइरहेको पाइएको छ ।

मधेश सरकाको स्पष्ट निर्देशन हुँदाहुँदै पनि गैरकानुनी रूपमा यी अस्पतालहरू सञ्चालनमा रहेको गुनासो बढ्दै गएको हो ।

चन्द्रपुर नगरपालिकाले निजी अस्पताललाई दिएको अस्थायी अनुमति पत्र खारेज गरिसकेको छ । दर्ता बेगरै सञ्चालन भइरहेका चन्द्रपुरका १० वटा निजी अस्पतालहरूलाई गत फागुन १७ गते मुख्यमन्त्री सिंहको निर्देशनमा बन्द गर्न आदेश दिएका थिए ।

तर, अस्पताल सञ्चालकहरूले नगरपालिकाबाट १५ सैयाको अस्पताल सञ्चालन गर्नका लागि ३५ दिनका अस्थायी अनुमतिपत्र लिएका थिए ।यसैबीच, चन्द्रपुरस्थित हाइवेटरामा सेन्टर एण्ड रिसर्च सेन्टरमा गत आइतबार उपचाररत बिरामी ब्रजकिशोर साहको मृत्यु भएपछि यो विषयले नयाँ मोड लिएको छ ।

मुख्यमन्त्री सिंहले कुनै पनि तहबाट अस्थायी अनुमतिपत्र दिने कानुनी प्रावधान नरहेको बताउँदै विज्ञप्ति जारी गरेका थिए । त्यसपछि चन्द्रपुर नगरपालिकाले ती अनुमतिपत्र बदर गरेको थियो ।

तर, नगरपालिकाले अनुमति खारेज गरे पनि अहिले पनि ती अस्पतालहरू निर्बाध रूपमा सञ्चालन भइरहेको देखिएको छ । यस्तै, गरुडा नगरपालिकाका करिब १० वटा निजी अस्पताल बन्द गर्न निर्देशन दिइएको भए पनि ती अस्पतालहरू मुख्यमन्त्रीको आदेश अवज्ञा गर्दै सञ्चालन भइरहेका छन् ।

यस घटनाले प्रदेश सरकारको निर्देशन कार्यान्वयनमा कमजोरी देखिएको स्पष्ट भएको छ ।

अब प्रशासनले कस्तो कदम चाल्छ भन्ने विषयमा स्थानीय बासिन्दाहरू चासोका साथ हेरिरहेका छन् ।

## वीरगञ्ज सुक्खा बन्दरगाहबाट ३२ अर्ब ३२ करोड राजस्व सङ्कलन

**वीरगञ्ज**

वीरगञ्ज सुक्खा बन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको आठ महिनामा रु ३२ अर्ब ३२ करोड ८८ लाख ७८ हजार राजस्व सङ्कलन गरेको छ ।

भन्सार विभागले कार्यालयलाई वर्षभरिमा रु ६० अर्ब चार करोड ८७ लाख ९७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो । सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख धनबहादुर बरुवालका अनुसार चालु आवको पछिल्ला दुई महिनामा मासिक लक्ष्यको ९२ प्रतिशतसम्म राजस्व सङ्कलन भएको छ ।

कार्यालयले गत साउनमा रु तीन अर्ब ७५ करोड, भदौमा रु चार अर्ब ६४ करोड राजस्व सङ्कलन गरेको थियो । असोजमा रु चार अर्ब ३६ करोड, कात्तिकमा रु तीन अर्ब ७९ करोड राजस्व सङ्कलन गरेको थियो ।

यसैगरी, गत मङ्सिरमा रु तीन अर्ब २२ करोड, पुसमा रु तीन अर्ब ५६ करोड, माघमा रु चार अर्ब २९ करोड र फागुनमा रु चार अर्ब ६८ करोड राजस्व सङ्कलन गरेको हो । चालु आवको आठ महिनामध्ये सबैभन्दा धेरै राजस्व फागुनमा नै सङ्कलन भएको छ ।

## भुमिहिन दलितको लागि अभिमुखिकरण सम्पन्न

**वीरगञ्ज, १० चैत ।**

पर्साको बहुदरमाई नगरपालिकामा भूमिहिन दलित, भूमिहिन सुकुमबासी र अव्यवस्थित बसोबासीका लागि अभिमुखीकरण सम्पन्न भएको छ । भूमि समस्या समाधान आयोगको आयोजनामा अभिमुखीकरण सम्पन्न भएको हो ।

अभिमुखीकरणका क्रममा आयोगका पर्सा जिल्ला अध्यक्ष तबरेज अहमदले आफ्नै पालामा भूमि सम्बन्धी समस्याको समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे । अध्यक्ष अहमदले जनप्रतिनीधि र आयोगका पदाधिकारीका लागि यो नै अन्तिम अवसर भएको बताउँदै अवसरको सदुपयोग गर्न पनि जनप्रतिनीधिलाई आग्रह गर्नुभएको छ । नगरपालिकाका प्रमुख सिंहासन साह तेलीले पालिकाभित्रका भूमिहिन दलित, भुमिहिन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि तदारुकताका साथ लाग्ने बताए । कार्यक्रममा उपप्रमुख सुश्मा कुशवाह, वडाअध्यक्षहरु पुनिलाल साह तेली, रविन्द्र कुमार गुप्ता, प्रमोद प्रसाद साह लगायतको सहभागिता रहेको आयोगका सदस्य शिवनारायण रामले जानकारी दिए ।

# वीरगञ्जको प्रमुख सडकको सिमाङ्कन गर्न पत्राचार

**वीरगञ्ज**

सर्वोच्च अदालतले वीरगञ्जका मुख्य सडक विस्तारविरुद्धको रिट खारेज गरेसँगै सडक डिभिजन हेटौँडाले सो खण्डमा पर्ने सडकको सिमाङ्कन गरिदिन नापी कार्यालय पर्सालाई पत्राचार गरेको छ ।

सडक डिभिजन हेटौँडाका डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीले यही चैत ८ गते नापी कार्यालयलाई पत्र लेखेर त्रिभुवन राजपथअन्तर्गत पर्ने गण्डकचोक–पावरहाउस–घण्टाघर–विर्ता–रजतजयन्तीचोक–मितेरी पुलसम्मको सडकमा २५/२५ मिटरको सीमाक्षेत्र सिमाङ्कन गर्नुपर्ने भएकाले सोही बमोजिम गरी सडक सम्पत्ति संरक्षण गर्ने कार्यमा सहयोग गर्न अनुरोध गरेको हो ।

डिभिजन प्रमुख अधिकारीले सर्वोच्च अदालतको पूर्णपाठ आउनु अगावै सडक विस्तार हुँदा प्रभावित हुने घर, टहराको विवरण सङ्कलन गर्न नापी कार्यालयलाई सिमाङ्कनका लागि अनुरोध गरिएको बताए । "सर्वोच्च अदालतले रिट खारेज गरेपछि सडक विस्तारका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न सिमाङ्कन गर्न लागेका छौँ", उनले भने, "सर्वोच्च अदालतको पूर्णपाठ हेरेपछि मात्रै सडक विस्तार अघि बढ्ने कामको सुरुवात गरिनेछ । यसले सडक विस्तारबाट हुने प्रभावित घरधुरीको यकीन विवरण सङ्कलन थालिएको हो ।"

डिभिजन प्रमुख अधिकारीले सडकको सिमाङ्कनका लागि तीन महिनाको अवधि लाग्नसक्ने अनुमान गरे । "हामीले नापी कार्यालयलाई पत्राचार गरिसक्यौँ । अब उहाँहरूले कति समय लगाएर यकीन विवरण सङ्कलन गर्नुहुन्छ", उनले भने ।

यसैबीच, वीरगञ्ज महानगर–९ का वडाध्यक्ष जवाहरप्रसाद गुप्ताले सडक विस्तार गर्न नहुने भन्दै वीरगञ्ज बचाऊ सङ्घर्ष समितिको नेतृत्व गर्दै आइरहनुभएको छ । वडाध्यक्ष गुप्ताले वीरगञ्जको पुरानो तथा ऐतिहासिक मेडरोड (प्रमुख मार्ग) को बजार हटाएर जनतालाई विस्थापित गर्न नहुने धारणा राखे ।

गण्डकबाट रजतजयन्तीचोकसम्म कम्तीमा एक हजार एक सय घरधुरी प्रभावित हुने देखिन्छ", उनले भने, "यसले वीरगञ्जका करिब २० हजारभन्दा बढी सर्वसाधारणलाई घरविहीन बनाउने अवस्था सिर्जना गर्दैछ । त्यसैले जनतालाई हटाउने खालको विकास आवश्यक छैन ।"

वडाध्यक्ष गुप्ताले वीरगञ्जमा बाइपास सडक, रेल्वे सडक, परवानीपुरबाट ड्राइपोर्टसम्म पर्याप्त सडक भएकाले पनि प्रमुख मार्ग विस्तार गर्नुको औचित्य नभएको दाबी गरे ।

वीरगञ्ज महानगर प्रमुख राजेशमान सिंह भने सडक विस्तार गर्नुपर्ने पक्षमा हुनुहुन्छ । सर्वोच्चका अदालतका न्यायाधीश विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले गत फागुन २८ गते रिट निवेदकको पाँच वटै रिट खारेज गरेसँगै डिभिजन सडक कार्यालय हेटौँडालाई वीरगञ्जको प्रमुख मार्ग को दायाँबायाँ २५–२५ मिटर चौडा गर्ने बाटो खुलेको छ ।

वीरगञ्जका छुट्टाछुट्टै पाँच घरधनी निवेदकले विभिन्न मितिमा उक्त सडकको दायाँबायाँ २५–२५ मिटर विस्तार गर्न नहुने भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । वीरगञ्ज महानगरका लक्ष्मण साह रौनियारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई विपक्षी बनाएर २०७६ सालमा सडक विस्तार रोक्नुपर्ने माग राख्दै रिट दायर गर्नुभएको थियो । अन्य निवेदकहरूले पनि फरक–फरक मितिमा सडक विस्तारविरुद्धमा रिट दायर गरेका हुन् ।

# एसईई परिक्षालाई मर्यादित बनाउन अनुगमन गर्दै, पर्सामा चार निरीक्षकलाई जिम्मेवारीबाट हटाइयो

**सप्तरी**

सप्तरीमा एसईई परीक्षामा तेस्रो दिन गणित विषयको परीक्षा सम्पन्न भएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाको नेतृत्वमा खटिएको टोलिले आइतबार परीक्षा केन्द्रहरुको अनुगमन गरेको छ ।

एसईई परिक्षालाई मर्यादित बनाउन निरंतरता दिन जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा मूल अनुगमन समिति रहेको छ। १३ उप अनुगमन समिति गरी १४ वटा अनुगमन समितिले जिल्लाभरका परिक्षा केन्द्रहरुमा अनुगमन गरिरहेको छ।

अनुगमनका क्रममा परीक्षा केन्द्रमा पुगेर प्रहरी प्रमुख खतिवडाले परीक्षाको तयारी, व्यवस्थापन लगायतका बारेमा जानकारी लिनुभएको थियो । यस्तै परीक्षालाई अनुशासित, मर्यादित, सुरक्षित र व्यवस्थित बनाउन संम्बिन्धित विद्यालय तथा शिक्षा विकास तथा समन्वय इकाई कार्यालयलाई आग्रह गरेका छन ।अनुगमनमा जिल्लास्थित सुरक्षा निकायका प्रमुख लगायत शिक्षा विकास तथा समन्वय इकाई कार्यालय सप्तरीका कर्मचारीहरुको उपस्थिति रहेको थियो । जिल्लाको डाक्रेश्वरी नगरपालिकाको बनौला मा बि , बोदे बर्साईन नगरपालिकाको श्री ५ महेन्द्र चुनी मा. बि मानराजा , श्री चन्द्रा नमुना माध्यमिक बिधालय बोदे बर्साईन र बलान बिहुल गाउँपालिका स्थित सेहरा मा. बि मा संयुक्त टिमले पनि अनुगमन गरेको छ ।

परीक्षा मर्यादित, सुरक्षित र व्यवस्थित रुपमा संञ्चालनमा रहेको उहाँले बताउनु भयो । जिल्लाका अन्य स्थानीय तहका परीक्षाकेन्द्रहरुमा पनि सम्बन्धीत पालिकाका शिक्षा शाखा संयोजकहरुले अनुगमन निरीक्षण गरेको बताएका छन । चैत १९ गतेसम्म चल्ने एसइई परीक्षामा यो वर्ष सप्तरीबाट कुल ८ हजार ७ सय १५ विद्यार्थी सहभागी भएका छन् ।

सोही अनुगमनको क्रममा प्रहरी प्रमुख खतिवडाले परीक्षालाई स्वच्छ,निस्पक्ष तथा मर्यादित बनाउनका लागि प्रवेश पत्र बाहेक



मोबाईल,किताब,गाईड लगायत चिट चोरीका लागि बिधार्थीले प्रयोग गर्ने सबै प्रकारका समाग्रीहरु पूर्ण रुपमा निषेध गरिएको बताएका छन्।

त्यसैगरि जिल्लामा माध्यमिक शिक्षा परीक्षा (एसइई) मा मर्यादाविपरीत कार्य गर्ने सहायक केन्द्राध्यक्षसहित चार निरीक्षकलाई जिम्मेवारीबाट हटाइएको छ । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल (प्रजिअ)को अध्यक्षतामा शनिबार साँझ बसेको एसइई परीक्षा समन्वय समितिको बैठकले उनीहरुलाई जिम्मेवारीबाट हटाउने निर्णय गरेको हो । प्रजिअ अर्यालले माइस्थान विद्यापिठ माध्यमिक विद्यालय वीरगन्जका केन्द्राध्यक्ष मुनिलाल कर्णले परीक्षाको मर्यादा र अनुशासन परिपालनामा पर्याप्त सावधानी तथा सतर्कता अपनाएको नदेखिएकाले निजलाई सचेत गराउने निर्णय गरिएको बताए । सोही केन्द्रका सहायक केन्द्राध्यक्ष जयप्रकाश सर्राफको गतिविधि संकास्पद देखिएकाले निजलाई परीक्षा अवधिभर उक्त परीक्षा केन्द्रमा प्रवेश नगराउने निर्णय भएको उनले बताए । बैठकले नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, मसिहानी र नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, निचुटा परीक्षा केन्द्रमा अभिभावक सङ्ललगायत अनधिकृत व्यक्तिको प्रवेश देखिएकाले उक्त केन्द्रका केन्द्राध्यक्षलाई लिखित रूपमा ध्यानाकर्षण गराउने निर्णय गरेको छ । त्यस्तै नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, मसिहानी केन्द्रमा निरिक्षकका रूपमा खटिएका शिक्षक लालबाबु यादवले परीक्षाको मर्यादाविपरीत कार्य गरेकाले निजलाई निरीक्षकको जिम्मेवारीबाट हटाउने निर्णय गरेको छ । सो बैठकले सिद्धार्थ माध्यमिक विद्यालय चिनी कारखाना वीरगन्ज परीक्षा केन्द्रका संस्थागत विद्यालयमा समेत अध्यापन गराउने धमेन्द्र पाण्डे र रामबालक यादवलाई निरीक्षकको जिम्मेवारीबाट हटाउन केन्द्राध्यक्षलाई निर्देशन दिएको छ ।सुन्दरमल रामकुमार कन्या माध्यमिक विद्यालय वीरगन्ज परीक्षा केन्द्रमा नियमिततर्फका परीक्षार्थीलाई ग्रेडवृद्धितर्फको प्रश्नपत्र दिएको र ग्रेडवृद्धितर्फका परीक्षार्थीलाई नियमिततर्फको प्रश्नपत्र वितरण गरिएको पाइएकाले त्यस्ता कार्य आगामी परीक्षामा हुन नदिन निर्देशन दिँदै प्रश्नपत्र वितरणलगायत परीक्षा व्यवस्थापनमा सहजीकरण गर्न स्थानीय तहको शिक्षा शाखाका पदाधिकारीलाई समेत परिचालन गर्ने निर्णय गरिएको प्रजिअ अर्यालले जानकारी दिए । बैठकले परीक्षा केन्द्रहरुमा प्रश्नपत्र परीक्षा समयभन्दा ठिक २० मिनेट अगाडि मात्र खोल्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन